## रामग्राम नगरपालिकालाई बालमैत्री नगर घोषणा समारोह कार्यक्रममा रामग्राम नगरपालिका र बालमैत्री स्थानीय शासन नगर समितिको तर्फबाट प्रस्तुत प्रतिवेदन

स्थानः **आदर्श मा.वि. परासीको प्राङ्गण** मितिः **२०७८ चैत्र १२**

यस घोषणा समारोहका प्रमुख अतिथि, लुम्बिनी प्रदेशका मुख्यमन्त्री माननीय श्री **कुल प्रसाद के.सी.** ज्यू,
विशिष्ट अतिथि नवलपरासी जिल्लावाट प्रतिनिधि सभामा प्रतिनिधित्व गर्नु हुने माननीय सांसद श्री **देवेन्द्र राज कण्डेल** ज्यू र **हृदयेश त्रिपाठी** ज्यू,
संविधान सभा सदस्यज्यूहरु,
प्रदेश सभा सदस्यज्यूहरु,
पूर्व मन्त्रीज्यूहरु,
विभिन्न पालिकाका नगर प्रमुखज्यूहरु, अध्यक्षज्यूहरु,
माननीय प्रमुख जिल्ला न्यायधिशज्यू,
प्रमुख जिल्ला अधिकारीज्यु,
जिल्ला तथा नगरस्तरीय राजनैतिक दलका प्रमूख तथा प्रतिनिधिज्यूहरु,
विभिन्न पालिकाका उप प्रमुखज्यूहरु, उपाध्यक्षहरु,
जिल्ला तथा नगर स्थित सम्पूर्ण कार्यालयका प्रमुखज्यूहरु, र मञ्चमा आसिन सम्पूर्ण अतिथिज्युहरु,
वडा अध्यक्षज्यूहरु, कार्यपालिका सदस्यज्यूहरु, वडा सदस्यज्यूहरु,
विभिन्न विद्यालयका वि.व्य.स.का पदाधिकारी, प्र.अ. शिक्षक, शिक्षिकाज्यूहरु,
विभिन्न संघसंस्थाका प्रमुख तथा प्रतिनिधिज्यूहरु,
राष्ट्रसेवक कर्मचारीज्यूहरु,
पत्रकार महासंघका अध्यक्ष लगायत संचारकर्मीज्यूहरु,
रामग्राम नगरपालिकाको निमन्त्रणालाई स्वीकार गरि उपस्थित हुनुभएका सम्पुर्ण सरकारी, गैर सरकारी तथा निजी क्षेत्र, नागरिक समाज एवं नगरवासी आमा वुवा दाजुभाई तथा दिदिबहिनीज्यूहरु,
विभिन्न विद्यालयबाट उपस्थित हुनु हुने वर्तमानका साझेदार र भविष्यका कर्णदार विद्यार्थी भाई बहिनीहरु,
बालबालिकाको सर्वोत्तमहीतमा आफूलाई क्रियाशील बनाउने प्रतिबद्धताको लागि यो गरिमामय कार्यक्रममा उपस्थित सम्पूर्ण महानुभाव एवं यो कार्यक्रमको विभिन्न सञ्चार माध्यमम मार्फत् प्रत्यक्ष प्रसारण हेर्नु तथा सुन्नु भएका सम्पूर्ण महानुभावज्यूहरु,
सर्वप्रथम आज बालमैत्री नगर घोषणाको यस गरिमामय सभामा उपस्थित हुनुहुने प्रमुख अतिथिज्यू, विशिष्ट अतिथिज्यूहरु, अतिथिज्यूहरु लगायत सम्पुर्ण उपस्थित महानुभावहरुमा हार्दिक स्वागत एवं आभार प्रकट गर्न चाहन्छु ।

रामग्राम नगरपालिकाको साविकका १३ वटा र अलग-अलग भूगोल र पृष्ठ भूमिका ५ वटा गा.वि.स.हरु मिलेर २०७३ सालमा १८ वटा वडा सहित बनेको यस रामग्राम नगरपालिकामा हामीहरु जनप्रतिनिधिको रुपमा चुनिएर आएको साढे चार वर्ष पूरा भैसकेको छ । यो अवधिमा मानवीय तथा भौतिक स्रोत-साधनको सीमित उपलब्धता जस्ता तमाम समस्या र चुनौतीबाट माथि उठेर हामीले जे-जति काम गर्न सक्यौं; ती कामले नगरबासीको परिवर्तन प्रतिको तीव्र चाहानालाई सम्बोधन गर्न सकेको छ भन्नेमा हामीहरु आशावादी छौं । अहिले सम्म हामीले चलाएका अभियान, विकास निर्माण तथा नीतिगत निर्णय; देश भित्रका विभिन्न कार्यक्रम तथा मञ्चहरुमा नगर सरकारको प्रभावशाली उपस्थिति एवं प्रस्तुतीले राष्ट्रिय स्तरमा रामग्रामको पहिचान, विश्वास र आकर्षण बढेको छ । नगर सरकारको विकास प्रयासमा संघीय सरकार, प्रदेश सरकार, विकास साझेदारहरुको साथ र सद्भाव वृद्धि भएको छ ।

स्थानीय नागरिकहरुको चाहना र भावना अनुसारका सेवा-सुविधा, आवश्यकताको व्यवस्थापन, कार्यान्वयन तथा नियमन गर्ने निकाय नगर सरकार भएकाले नागरिकको विश्वास अनुसार हामीले काम गरिरहेका छौ । जनप्रतिनिधिहरुको भूमिका नीति निर्माण, विकास निर्माणको अगुवाई, अनुगमन र नागरिकको दुख सुखमा साथदिने गरी सघन रुपमा अगाडि बढेका छौं । पहिलो वर्ष मै हामीले लिएको संकल्प, **"नगरवासीको सरोकार, स्वच्छ पारदर्शी विकासमूखी स्थानीय सरकार"** भन्ने मुल ध्येयलाई केन्द्र विन्दुमा राखेर हामीले कार्य गरीरहेका छौँ । नागरिकले अनुभूति गर्ने गरी विकासको प्रतिफल वितरण, शिक्षा प्रणालीमा परिणात्मक र गुणात्मक सुधार, क्रमागत आयोजना सम्पन्न, कृषि, पशुपालन, पर्यटन, उद्योग, व्यापार, लगानीको वातावरण, सुशासन लगायत विकासका समसामयिक मुद्दाहरुलाई निरन्तर सम्बोधन, नगरमा उपलब्ध पूँजी, सीप र क्षमताको प्रभावकारी उपयोग गर्न सहकारी र निजी क्षेत्रसँगको सहकार्य तथा संघीय सरकार र प्रदेश सरकारसँग सह अस्तित्व, समन्वय र सहकार्यलाई प्राथमिकतामा राखेर हामीले कार्य सम्पादन गर्दै आएका छौं ।

बालबालिकामा गरेको लगानीले भोली सुनौलो बिहानी ल्याउँछ भन्ने मान्यताका साथ हामीले बच्चा जन्मिनु भन्दा पहिले नैं पोषणको सचेतना अभिवृद्धिको लागि गर्भवती महिलाहरुलाई पोषण झोला वितरण कार्यक्रम सञ्चालन गरेका छौं । गर्भवतीलाई निःशुल्क क्यालसियम चक्की दिने र स्वास्थ्य संस्थामा ४ पटक स्वास्थ्य परिक्षण गर्ने व्यवस्थाको सुनिश्चितताको व्यवस्था मिलाएका छौं । स्थानीय स्तरमा आधारभूत स्तरको स्वास्थ्य सुविधा पुर्याउन हरेक वडामा आधारभुत स्वास्थ्य केन्द्र स्थापना गरीएको छ । नानीहरुको शिक्षा र स्वास्थ्य तर्फ ख्याल गर्दै **छोरी बचाउ, छोरी पढाउ कार्यक्रम** कार्यान्यवनमा ल्याएका छौ ।

बालबालिकासँग प्रत्यक्ष जोडिने विद्यालयको विकासमा नगरपालिकाले सबैभन्दा बढी ध्यान दिएको छ । यस बीचमा सामुदायिक विद्यालयको भौतिक पूर्वाधारमा उल्लेख्य प्रगति भएको छ । हरेक सामुदायिक विद्यालयमा खानेपानी, सरसफाई लगायतका आवश्यक पूर्वाधारको सुधारसहित फूलबारी बनाउने, सामुदायिक विद्यालयमा एकै रगंको रगंरोगन गर्ने व्यवस्था मिलाइएको छ । सामुदायिक विद्यालयमा नगरपालिकाले गरेको लगानी, अनुगमन, शिक्षक तथा व्यवस्थापन समितिले देखाउनु भएको क्रियाशीलताले विद्यार्थी र अभिभावकको आकर्षण बढ्दै गएको छ ।

भौतिक पूर्वाधार मात्र विकास हो भन्ने कुराबाट माथि उठेर हामीले जे-जस्ता काम गर्न सफल भयौं, त्यसले परिवर्तन चाहने नगरबासीको आकांक्षालाई सम्बोधन मात्र गरेको छैन, समग्र विकासको स्पष्ट भिजन तयार गरेको छ । हिजोको रामग्राम र आजको रामग्राममा धैरे परिवर्तन आएको सबै नगरबासीले महशुस गर्नु भएको छ । सडक, नाला, पुलपुलेसा, विद्युत, खानेपानी, सरसफाई तथा स्वच्छ वातावरण, कुलो नहर सबैतिर सकारात्मक परिवर्तन आएकाछन् । यी परिवर्तनलाई दिगो बनाउन सामाजिक विकास आवश्यक पर्ने भएकोले रामग्राम नगरपालिकाले भोलीको समुन्नत समाज निर्माणको लागि बालमैत्री स्थानीय शासनलाई अभ्यास गर्न थालेको यहाँहरुलाई अवगत गराउन चाहान्छु । दिगो विकासको लक्ष्य हासिल गर्न मुलुकका सबै पालिकाहरु वि.सं. २०८७ सम्म बालमैत्री हुनुपर्ने नेपाल सरकारको अभियानलाई समेत मध्यनजर गरी रामग्राम नगरपालिमा बालमैत्री स्थानीय शासनको अभियान सञ्चालन गरिएको हो । हाम्रो यो अभियानले नेपाल सरकारले विश्व समुदायमा जनाएको प्रतिबद्धता पूरा गराउन समेत टेवा पुर्याएको हामीहरुको विश्वास छ ।

.......................................................................................................................................................

अब म बालबालिकाको सर्वोत्तमहित, सर्वाङ्गीण विकास र अर्थपूर्ण बाल सहभागिताको सिद्धान्तमा आधारित भई बालबचाउ, बालसंरक्षण, बालबिकास र बाल सहभागितालाई स्थानीयतहको नीति, योजना, संरचना, प्रणाली, कार्यप्रक्रिया र व्यवहारमा संस्थागत गर्दै नवलपरासी (ब.सु.प.) जिल्लाको दोश्रो बालमैत्री नगर घोषणाको लागि यस समारोहका प्रमुख अतिथि ज्यू, विशिष्ट अतिथि ज्यू एवं उपस्थित सम्पूर्ण अतिथि ज्यु एवं उपस्थित सम्पूर्ण महानुभावहरु समक्ष संक्षिप्त प्रतिवेदन प्रस्तुत गर्ने अनुमति चाहन्छु ।
बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति, २०६८ बमोजीम कार्य प्रक्रिया थालनी भई बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ वमोजिमका सम्पुर्ण चरण पार गरि आज बालमैत्री स्थानीय शासन नगर घोषणा हुन गइरहेकोमा यस गरिमामय सभामा रामग्राम नगरपालिका र बालमैत्री स्थानीय शासन नगर समितिको तर्फबाट यो प्रतिवेदन प्रस्तुत गर्ने सु-अवसर प्राप्त भएकोमा गौरव महसुस गरेको छु ।

नेपालको करिव मध्य भाग र लुम्बिनी प्रदेशको नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) जिल्ला सदरमुकाममा रही १२८.०४ वर्ग किमि क्षेत्रफलमा फैलिएको रामग्राम नगरपालिकाको घरघुरी संख्या ११०३७ मा परिवार संख्या १३०८१ रहेको छ । जहाँ कुल जनसंख्या ६४१५० रहेको छ जसमध्ये महिला ३२३०८ पुरुष ३१८४२ रहेका छन भने १८ वर्ष मुनिका बालबालिकाका संख्या २०८२६ रहेको छ । शुरुवातमा रामग्राम नगरपालिकाको १३ ओटा वडा र त्यसपश्चात स्थानीय तहको पुर्नसंरचना पछि थप भएका ५ वटा वडामा समेत बालमैत्री स्थानीय शासन अवलम्बन गर्दै सूचकहरुको प्राप्तिमा अहोरात्र खटेर यी वडाहरुसहित सिंगो नगरपालिकाई बालमैत्री घोषणा गर्न लागिएको छ ।

आजका बालबालिका भोलिका कर्णधार हुन् । हामीले आज बालबालिकालाई अनुकूल वातावरण दिन सकेमा मात्र उनीहरू भोलिका बलिया आधार स्तम्भ बन्न सक्छन् । त्यसैले हाम्रो घर, समुदाय, विद्यालय तथा विकास निर्माणका सबै संरचनाहरू बालबालिकाका लागि सुहाउँदो हुनुपर्छ । हाम्रा नीतिगत निर्णयहरू बालबालिकाको सर्वोत्तम हितमा हुनुपर्छ, हाम्रा बोली तथा व्यवहारहरू बालबालिकाको प्रिय हुनुपर्छ र हाम्रा भौतिक निर्माणहरू बालबालिकाको पहुँचमा हुनुपर्छ । बालबालिकाको सुन्दर भविष्य निर्माणमा घरपरिवारको साथै स्थानीय तहको ठूलो जिम्मेवारी र दायित्व हुन्छ । भविष्यमा मुलुकका हरेक क्षेत्र सञ्चालनमा ठूलो हिस्सा ओगट्ने आजका बालबालिकाको क्षेत्रमा परिवारले मात्र होइन सबै तहका सरकारले लगानी गर्नुपर्छ । यही कर्तब्य वोधबाट अभिप्रेरित भै यस रामग्राम नगरपालिकालाई  बालमैत्रीयुक्त नगरपालिका बनाउनको लागि हामीले शिक्षा, स्वास्थ्य, खानेपानी, सरसफाईका क्षेत्रमा

लगानी बढाउँदै बालमैत्री स्थानीयशासन पद्धतिको अवलम्बन गर्दै आएका थियौं । जसको फलस्वरुप आज यस नगरपालिकालाई बालमैत्री नगरपालिकाको रुपमा घोषणा गर्न लागेका छौं ।

बालबालिकाको सर्वोत्तमहित, सर्वाङ्गीण विकास र बाल सहभागिताको सिद्धान्तमा आधारित भै बालअधिकारको सम्मान, संरक्षण र सम्बर्द्धन गर्न राज्यको तर्फबाट गरिने समष्टिगत पद्धति र प्रयास नै बालमैत्री शासन हो । बालमैत्री नगरपालिका घोषणा कुनै आयोजना/परियोजना वा एक दिन गरेर सकिने कार्यक्रम मात्र होइन । बालमैत्री शासन त संस्कार हो, संस्कृति हो, हाम्रो आनीबानी-सोंच, दृष्टिकोणसँग सम्बन्धित विषय हो । यसका निश्चित कार्यविधिहरू छन् । सूचकहरू पूरा भएको सुनिश्चित गर्ने मापदण्डहरू छन् । आजको घोषणा बालमैत्री शासनको एउटा दरिलो प्रतिबद्धता हो र बालमैत्री शासन अवलम्बनको सुनिश्चतताको बलियो आधार हो । बालमैत्री स्थानीयशासनको लागि स्थानीयतहको संस्थागत विकास, क्षमता विकास, सहकार्य र साझेदारी प्रवर्द्धन, सामुदायिक परिचालन, सामाजिक जवाफदेही र पारदर्शिता, सामाजिक समावेशीकरण, सूचना, शिक्षा र संचारको माध्यमबाट व्यवहार परिवर्तन तथा अनुगमन र मूल्यांकन जस्ता क्षेत्रहरू बालमैत्री स्थानीय शासनका रणनीतिहरू हुन् ।देशमा वर्षौंदेखि जरो गाडेर बसेको गरिबीको कुचक्र तोड्न, आर्थिक विकास र समृद्धिको लागि सक्षम मानवस्रोत तयार गर्नुपर्छ, जसको लागि बाटो देखाउने काम बालमैत्री स्थानीय शासनले गर्दछ । सामाजिक विकास र समृद्धिको शुरुवात हो, सबै प्रतिफल आज नै देख्न नसकिएपनि केही वर्षमै यसबाट हामीले सोचेको प्रतिफल प्राप्त गर्छौं भन्ने विश्वास छ ।

**बालमैत्री नगर निर्माणका लागि गरिएका प्रयासहरु**

कुनै पनि नगरलाइ बालमैत्री घोषणाका लागि बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति बमोजिम नेपाल सरकारले निर्धारण गरेको ५१ सूचकमा तोकिए अनुसारको नतिजा प्राप्त गर्नुपर्ने हुन्छ । बालमैत्री वडा तथा नगर घोषणाका लागि ३८ ओटा सूचकमा सत प्रतिशत, ६ ओटा सूचकमा ९५ प्रतिशत, १ ओटा सुचक ९० प्रतिशत र बाँकी ६ ओटा सुचक ८० प्रतिशत नतिजा ल्याएमा बालमैत्री घोषणा गर्न सकिने प्रावधान छ । घोषणा मात्रै नभई यसको दिगोपनाका लागि ८० प्रतिशतलाई १०० प्रतिशत पुर्‍याउने र १०० प्रतिशत नतिजाको निरन्तरता र गुणस्तरीय बालमैत्री वातावरण निर्माणका लागि बालमैत्री नगर घोषणा पश्चातको दिगोपनाको लागि ५ वर्षीय रणनैतिक योजना (०७८।०७९ देखि ०८२।८३ सम्म) बनाई नगर कार्यपालिका र नगर सभाबाट स्वीकृत भइसकेको छ, जुन चालु आ.व.२०७८/०७९ देखि कार्यान्वयनमा रहेको छ । साथै रामग्राम नगरपालिकाको प्रत्येक वडाको बालबालिकाहरुको वस्तुगत प्रोफाइल बनाइएको छ । रामग्राम नगरपालिकाको बाल संरक्षण नीति तथा कार्ययोजना २०७७ बनाई कार्यान्वयनमा रहेको छ ।

बालमैत्री वडा सहित नगर निर्माणका लागि बालमैत्री नगर घोषणा कार्ययोजना र लगानी योजना बनाई बालअधिकारका चार क्षेत्रहरु बाल बचाउ, बाल संरक्षण, बाल विकास, वाल सहभागिता र संस्थागत सूचकहरुको क्षेत्रमा कार्य गर्‍यौं । बालबचाउको क्षेत्रका सूचकहरु प्राप्तीका लागि विशेष गरी सुनौलो १००० दिन सम्मका आमाहरुलाइ सुरक्षित मातृत्व, पोषिलो खानपान, पूर्ण स्तनपान, बालबालिकाको मष्तिष्क विकासमा ध्यान दिनुपर्ने विषयमा सचेतना, सबै सुत्केरी आमाहरुलाइ पोषण सामग्री वितरण, आयोडिन युक्त नुनको प्रयोग, पानी शुद्धिकरण विधि, सरसफाइ सम्बन्धी सचेतना र सम्बन्धित विषयमा प्रचारप्रसार र नियमित अनुमगन गर्ने काम भयो । त्यसैगरी बाल संरक्षणका सूचकहरु प्राप्ती र समग्रमा बालबालिकाको संरक्षणको लागि बाल संरक्षण नीति तथा कार्ययोजना तयारी, जन्मदर्ता अभियान संचालन र सचेतना, वालश्रम अनुगमन र पुर्नउत्थान, वालविवाह न्युनीकरणका लागि सचेतना, बालबालिका विरुद्ध हुने हिंसा शोषण दुर्व्यवहार, लागूपदार्थ दुर्व्यसनी विरुद्ध निरन्तर सचेतना र अनुगमनका काम भयो ।

बाल विकासको क्षेत्र विशेष गरी शिक्षा संग सम्बन्धीत क्षेत्र हो । विद्यालय भर्ना अभियानलाई प्रभावकारी रुपमा संचालन गर्नुको साथै विद्यालय वाहिर रहेका, विचमै विद्यालय छोडेका विद्यालय उमेरका बालबालिकालाइ पुनः विद्यालय प्रवेश गराउने काम गरिएको छ । विद्यालयलाइ बालमैत्री बनाउन रामग्राम नगरपालिकाले नयाँ अभ्यासको शुरुवात गर्‍यो, विद्यालयमा बालमैत्री खानेपानी धारा, छात्रामैत्री शौचालय, बालविकास केन्द्र व्यवस्थापन र बालमैत्री पूर्वाधार व्यवस्थापनका लागि अत्यावश्यक अनुदान प्रदान गर्नुका साथै दण्डरहित शिक्षाको प्रतिवद्धता, शिक्षक शिक्षिकालाइ बालमैत्री व्यवहार सम्बन्धी सचेतनामुलक कार्यक्रम गर्नुका साथै निरन्तर अनुगमन गर्ने कार्य भइहरेको छ ।

अर्थपूर्ण बालसहभागिता सुनिश्चित गर्नको लागि योजना निर्माणको क्रममा बालभेला गरी बालबालिकाको योजनाहरु नगर विकास योजनामा समावेश गरिएको छ । विद्यालय व्यवस्थापन समिति, स्वास्थ्य व्यवस्थापन समिति, योजना छनौट समितिमा बालसहभागिता सुनिश्चित गरिएको छ । हालसम्म नगरमा कुल १०२ ओटा बालक्लब, १८ ओटा वडा स्तरीय र १ नगर स्तरीय

बाल संजाल गठन गरि परिचालन गरिएको छ । बालक्लब सदस्यहरुलाइ समय समयमा क्षमता विकास तालिम प्रदान गरिएको छ । बालसंजाल र बालक्लबहरुको सक्रियतामा स्वतस्फूर्त रुपमा विविध क्रियाकलापहरु संचालन भइरहेका छन् ।

बालमैत्री स्थानीय शासनको निरन्तर संस्थागत विकासको लागि बालबालिकाको क्षेत्रमा निरन्तर निश्चित बजेट विनियोजन गरिएको छ , बालमैत्री वडा र नगर निर्माणका लागि बालबालिका, कार्यालय, शैक्षिक संस्था, घरपरिवार र समुदायले पालन गर्नुपर्ने आचारसंहिता तयार गरी कार्यान्वयनमा ल्याइएको छ । बालबालिकाको अवस्था झल्किने गरी वस्तुगत विवरण र स्थितीपत्र तयार गरिएको छ, बालमैत्री नगर र वडा समिति, बाल संरक्षण समिति गठन गरी क्रियाशिल रहेको छ ।

वडाहरुमा अभिमुखीकरण कार्यक्रमहरु संचालन गरी यस पद्धतीको बिधिवत कार्यान्वयन सुरुवात गरी वडा तथा नगर स्तरीय बिभिन्न अभिमुखीकरण, वृहतवडा भेला, कार्यपालिकाको बैठकद्धारा नीति रणनीति, आचारसंहिता, कार्ययोजना तर्जुमा, बिभिन्न समितिहरुको गठन, सरोकारवालाहरुको प्रतिवद्धता, न्युनतम सूचकको निर्धारण र कार्यान्वयनका तहगत खुडकिलाहरु सफलताका साथ पार गरि जिल्ला समन्वय समिति र जिल्ला बाल अधिकार समितिको अनुगमन प्रतिवेदन सहितको सिफारिस एवं लुम्बिनी प्रदेश सरकारको घोषणा अनुमती प्राप्त गरी सिंगो नगरलाई आज बालमैत्री घोषणा गर्न यो समारोहको आयोजना गरेका छौं ।

बालमैत्री वडा र नगर निर्माण भइरहँदा यसले कुनै एक पक्षलाइ मात्रै फाइदा नभई समग्रमा मातृ शिशु स्वास्थ्य, बालबालिकाको मष्तिश्क विकास, सफा पिउने पानी, सरसफाई, बालबालिकाको शिक्षा, प्रतिभा प्रस्फुटन, नेतृत्व विकास, बालबालिकाको आवाजको सुनुवाई हुने अवस्थाको सृजना हुन्छ । साथै समाजमा रहेका वालश्रम, वालविवाह, दुर्व्यसनी, बालबालिका विरुद्ध हुने हिंसा शोषण, दुर्व्यवहार जस्ता विकृति विसंगतीलाइ न्यूनीकरण गर्न उल्लेख्य सहयोग गर्ने गर्दछ । समग्रमा कुनै पनि समाजको सामाजिक विकास र समृद्धिका लागि बालमैत्री स्थानीय शासनले महत्वपूर्ण भुमिका निर्वाह गर्ने कुरामा हामी विश्वस्त छौ । आज गरिएको यस कार्यले सधै निरन्तरता पाउने छ, बालबालिकाको उज्वल भविश्य निर्माणका लागि हामी निरन्तर प्रतिवद्ध भई कार्य गरिरहनेछौं । आजको भोलिनै नभएपनि केही वर्ष पश्चात आज गरिएको कार्यको प्रतिफल अवश्य देख्न सकिनेछ । बालमैत्री नगर घोषणा पश्चात यसको दिगोपनाका लागि बनेको रणनीतिक कार्ययोजना बमोजिम कार्य गर्ने प्रतिवद्धता जाहेर गर्दछु ।

**आदरणीय महानुभाव ज्यूहरु,**
बालमैत्री स्थानीय शासनको महाअभियानलाई सफल बनाउन नगरको एकल प्रयासले मात्र सम्भव थिएन । यो महान कार्यलाई घोषणाको तहसम्म ल्याईपुऱ्याउन जनप्रतिनिधि, कर्मचारी लगायत सम्पूर्ण राजनीतिक दल, बाल अधिकार समिति, विद्यालय, स्वास्थ्य संस्था, टोल विकास संस्था, विभिन्न सामाजिक संघ-संस्था, उद्योगी-व्यापारी, क्लव, आमा समूह, वन, खानेपानी संस्था, सहकारी, प्रहरी प्रशासन, बिभिन्न बालसमूह संजालहरु, सञ्चार माध्यम सञ्चारकर्मीहरु तथा सम्पुर्ण नगरवासीहरुको साथ र सहकार्यले मात्र सम्भव भएको हो ।

समग्र कार्यको नेतृत्वकर्ता जनप्रतिनिधि, राजनैतिक दलहरु, जिल्ला समन्वय समिति, जिल्ला प्रशासन कार्यालय, जिल्ला बाल अधिकार समिति, स्थानीय बालमैत्री शासन नगर तथा वडा स्तरीय समितिहरु, नगर अन्तर्गतका विभिन्न बालमैत्री समितिहरु, वडा कार्यालयहरु, प्रमुख प्रशासकीय अधिकृत, नगर शिक्षा अधिकारी, विभिन्न विषयगत शाखा (शिक्षा,युवा तथा खेलकुद शाखा, स्वास्थ्य शाखा, महिला तथा बालबालिका शाखा, पंजीकरण उपशाखा, सामाज परिचालन इकाई,) का कर्मचारीहरु, बाल मैत्री सम्पर्क व्यक्ति, नगरपालिकाका अन्य कर्मचारीहरु, बालमैत्री स्थानीय शासन तालिम राष्ट्रिय सहजकर्ता, सामाजिक परिचालकहरु तथा बालसरोकारका बिषयमा प्रत्यक्ष सरोकार राख्ने स्वास्थ्य संस्थाहरु, विद्यालयहरु, सरकारी कार्यालय र संघसंस्थाहरु, युनिसेफ लगायत गैरसरकारी संस्थाहरु, यूवा तथा बालक्लबहरु लगायतको सहयोग समन्वय र निरन्तर आ-आफ्नो जिम्मेवारीको कार्य कुशलताका साथ सम्पादन गरी यस महान कार्यलाई सफल बनाउनका लागि सहयोग गर्नु भएका सम्पूर्णलाई धन्यबाद दिँदै अन्त्यमा पुनः बालमैत्री स्थानीय शासनको दिगोपनाका लागि हामी रामग्राम नगरपालिकाका सम्पूर्ण जनप्रतिनिधि, कर्मचारी र नगरबासीहरु प्रतिबद्ध रहेको संकल्प दोहोऱ्याउदै आजका प्रमुख अतिथि, विशिष्ट अतिथि, अतिथि लगायत उपस्थित सम्पूर्णप्रति सम्पूर्ण नगरबासीको तर्फबाट कृतज्ञता जाहेर गर्दै बिदा हुन चाहन्छु । जय बालबालिका, जय बालमैत्री रामग्राम नगरपालिका ।

नरेन्द्र कुमार गुप्ता
नगर प्रमुख
रामग्राम नगरपालिका